गोडैता नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गोडैता, सर्लाही

प्रदेश नं. २, नेपाल

**आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) का लागि शिलबन्दी बोलपत्रको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७८/०३/२२**

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार गोडैता नगरपालिका, सर्लाहीको क्षेत्राधिकार पर्ने देहाय बमोजिमको आन्तरिक श्रोत तर्फको कर शुल्क, दस्तुर गोडैता नगरपालिकावाट स्वीकृत दररेटमा आ.व.२०७८/०७९ का लागि ठेक्का बन्दोबस्त गर्ने भएकोले इच्छुक फर्म/व्यक्तिहरुवाट आफ्नो फर्म नवीकरण भएको प्रमाण पत्र, मुल्य अभिवृद्धि कर तथा आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाण पत्र प्रमाणित प्रतिलिपी सहितको लिखित निवेदनको साथै तोकिएको दस्तुरमा बोलपत्र फारम यस कार्यालयवाट सूचना प्रकाशन भएको मितिले १५औं दिन भित्र खरिद गरी रित्त गोप्य शिलबन्दी बोलपत्रहरु सूचना प्रकाशन भएको मितिले १६औं दिनको १२:०० बजे भित्र दर्ता गराउनु हुन नगर कार्यापालिकाको राजश्व परामर्श समितिको मिति २०७८/०३/१८ को निर्णय अनुसार सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठे.सि .नं. | ठेक्काको किसिम | न्युनतम अंक | ठेक्काको भोग चलन अवधि | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १-२०७७/७८ | गोडैता बजार | ४,००,०००।- | आ.व.२०७८/७९ मात्र (एक वर्ष) | ५००।- | |
| २-२०७७/७८ | वडा नं.११ भो.क.ज. विद्यालय नजिकको पोखरी | २,५०,०००।- | आ.व. २०७८/७९ देखी आ.व.२०८०/०८१ (३ वर्ष) | ५००।- | |
| ३-२०७७/७८ | वडा नं.५ लरंगावली पोखरी | १,५०,०००।- | आ.व. २०७८/७९ देखी आ.व.२०८०/०८१ (३ वर्ष) | ५००।- | |
| ४-२०७७/७८ | वडा नं.१० सिताइसा पोखरी | १,७०,०००।- | आ.व. २०७८/७९ देखी आ.व.२०८०/०८१ (३ वर्ष) | ५००।- | |
| ५-२०७७/७८ | वडा नं.५ को जहदा पोखरी | १,५०,०००।- | आ.व. २०७८/७९ देखी आ.व.२०८०/०८१ (३ वर्ष) | ५००।- | |
| ६-२०७७/७८ | वडा नं.७ सार्वजनिक पोखरी (पारस मिश्र ज्युको घर नजिको पोखरी | ११,५०,०००।- | आ.व. २०७८/७९ देखी आ.व.२०८०/०८१ (३ वर्ष) | ५००।- | |
| ७-२०७७/७८ | वडा नं.५ शिवालय मठको पोखरी | १०,५०,०००।- | आ.व. २०७८/७९ देखी आ.व.२०८०/०८१ (३ वर्ष) | ५००।- | |

CS Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ८-२०७७/७८ | वडा नं.७ बनिया कुटी मठ नजिकको पोखरी | ४,००,०००।- | आ.व. २०७८/७९ देखी आ.व.२०८०/०८१ (३ वर्ष) | ५००।- | |
| ९-२०७७/७८ | वडा नं.४ रोहुवा बजार नजिकको पोखरी | ३,००,०००।- | आ.व. २०७८/७९ देखी आ.व.२०८०/०८१ (३ वर्ष) | ५००।- | |
| १०-२०७७/७८ | वडा नं.३ भागवतीपुर बजार | ६०,०००।- | आ.व.२०७८/७९ (एक वर्ष) | ५००।- | |

**शर्तहरु :**

१. आफुले कबोल गरेको अंकको नेपाली फर्म भए ५% र विदेशी फर्म भए १०% धरौटी यस न.पा.कार्यालयको Century Bank Godaita शाखा स्थित धरौटी खाता नं. **ग ३-१** जम्मा गरी सो को अर्धकट्टी सक्कलै भौचर सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्ने छ। साथै शिलबन्दी बोलपत्र दर्ता गराउँदा नागरिकताको प्रमाण पत्रको प्रतिलिपी साथै पेश गर्नुपर्ने छ।

२. बोलपत्र दताले आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा सपष्ट साथ लेख्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ।

३. यो सूचना प्रकाशित भएको मितिले १५औं दिन सम्म कार्यालय समय भित्र रु.५००।- फिर्ता नहुने गरी बोलपत्र खरिद गरीसक्नु पर्ने छ। खरिद गरिएको बोलपत्र यो सूचना प्रकाशन भएको मितिले १६औं दिनको १२:०० बजे सम्म दर्ता गराइसक्नु पर्ने छ। यदी सो दिन सार्वजनिक बिदा भएमा कार्यालय खुलेको लगतै दिनको १२:०० बजे भित्र दर्ता गराइसक्नु पर्ने छ र सोही दिनको २:०० बजे रित्तपूर्वक दर्ता भएको शिलबन्दी बोलपत्र ठेक्कादार वा त्सको प्रतिनिधिहरुको रहोवरमा यस न.पा.को कार्यालयमा शिलबन्दी बोलपत्र खोलिने छन्। तर ठेक्केदार वा प्रतिनिधि उपस्थिति नभए पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन।

४. रित नपुगेका तथा म्याद नाघी आएका शिलबन्दी बोलपत्र उपर कुनै कारवाही हुने छैन।

५. पोखरी ठेक्काको हकमा पोखरी संरचना आफु खुसी विगारेमा वा पोखरी विशालु औषधी, करेन्ट इत्यादी प्रयोग गरेको पाइएमा सो को क्षतिपूर्ति ठेक्का लिने व्यक्तिबाट नगरपालिकाले असुल उपर गरी कानुनी कारवाही गरिने छन्।

६. जुन फर्मको लागि बोलपत्र खरिद गरेको हो सोही फर्मको नाममा बोलपत्र दर्ता गर्न सकिनेछ। अन्य फर्मको नाममा दर्ता गराइएको बोलपत्रलाई मान्यता दिइने छैन। साथै हुलाक सेवा, कुरियर आदि सेवाबाट पठाइएको बोलपत्र स्वीकार हुने छैन। शिलबन्दी खाममा कुन ठेक्काको लागि बोलपत्र दाखिला गरेको हो सो स्पष्ट रुपले खुलाउनु पर्ने छ। साथै बोलपत्र दाताको नाम, ठेगाना र सर्म्पक नं.स्पष्ट रुपले खामको बाहिर उल्लेख गरेको हुनु पर्ने छ।

७. यस नगरपालिकाको तिनुपर्ने बाँकी रकम तथा जिन्सी समानहरु तिर्न बाँकी देखिएमा त्यस्ता फर्म वा व्यक्तिको नामको ठेक्का स्वीकृत हुने छैन।

८. पर्न आएको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न.पा.लाई सुरक्षित हुने छ।

९. आफुले कबोल गरेको ठेक्कामा लागने नेपाल सरकारको कर शुल्क बोलपत्र दातालृ स्वयम् आफै ठेक्कामा थप गरी यस कार्यालयमा बुझाउनु पर्ने छ।

१०. ऐन तथा कानुनले निषेधित गरेको कुनै तरिका अपनाई कुनै कार्य गर्नहुने छैन।

११. आफुले कबोल गरेको अंक/रुपैया एकमुष्ट रकम यस न.पा.को Century Bank Godaita शाखा स्थित आन्तरिक राजश्व खाता नं. **0940000013GE** मा जम्मा गरी सो अर्धकट्टी सक्कलै भौचर यस न.पा.मा लिएर आएमा मात्र सम्झौता भई चलन पट्टा दिइने छ। रकम एकमुष्ट बैंक दाखिला गरेमा १०% छुट दिइने छ।

१२. आफुले कबोल गरेका अंक (रकम) एकमुष्ठ जम्मा गर्नुपर्ने हुन्छ।

CS Scanned with CamScanner

१३. नेपाल सरकार, प्रदेश सरकार तथा यस न.पा.बाट बेला बेलामा दिइने नीति निर्देशन पालना गर्नु सम्बन्धित सबै ठेक्कादारको कर्तव्य हुनेछ ।

१४. ठेक्का सम्बन्धि कार्यालय र ठेक्कादार बीच कुनै बिवाद उत्पन्न भएमा यस नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१५. सूचनामा उल्लेख भएको हकमा यही सूचना बमोजिम र उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ स्थानीय सरकार संचालन ऐन, २०७४ तथा गोडैता न.पा.बाट स्वीकृत नियमावली वा कार्यविधि वा प्रचलित कानुन बमोजिम हुनेछ ।

१६. ठेक्कादारले प्रत्येक ठेक्काको बोलपत्र छुटा छुटै बोलपत्र खरिद गरी पेश गर्नुपर्ने छ ।

१७. बजार ठेक्काको हकमा ठेक्काको कर दस्तुर असुल उपर सम्बन्धित दररेटको लागि कार्यालयमा सम्पर्क गर्नुपर्ने छ ।

१८. बोलपत्र दाताले सम्झौता गरी चलन पट्टा लिई सकेपछि मानव सृजित बन्द हड्ताल, चक्का जाम, अन्य कुनै प्राकृतिक वा मानविय कारणले कुनै क्षति/नोक्सानी हुन गएमा कुनै किसिमको माफी मिन्हा गरिने छैन साथै त्यस बापत कुनै क्षतिपूर्ति यस न.पा.बाट बेहोर्ने छैन ।

१९. बोलपत्र स्वीकृत भई सकेपछि सम्बन्धित ठेक्कादारले बोलपत्र स्वीकृत भएको पत्र प्राप्त गरेको वा घरदैलोमा टाँस भएको मितिले ७ (सात) दिन भित्र बोलपत्र दाताले सम्झौता गर्न आउनु पर्ने छ । सम्झौता गर्न नआएमा वा दाखिला गर्नुपर्ने रकम दाखिला नगरेमा धरौटी रकम जफत गरिने छ ।

२०. सबै किसिमको ठेक्कामा हालको कानुनी व्यवस्थामा नेपाल/प्रदेश सरकारवाट अन्य निर्णय भई आएमा सोही बमोजिम हुनेछ ।

२१. ठेक्का अवधि समाप्त भएपछि कर क्लियरेन्स गरेको प्रमाण पेश गरेपछि मात्र धरौटी रकम फिर्ता हुनेछ ।

२२. ठेक्का सम्बन्धि कुनै बुझ्नु परेमा कार्यालय समय भित्र न.पा.को कार्यालयमा सम्पर्क गर्नुपर्ने छ ।

............................
रमेश प्रसाद यादव
प्रमुख प्रशासकिय अधिकृत

रमेश प्रसाद यादव
नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner